जि.प्र.का.सिरहा द.नं. ८७–०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाइँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
**गोलबजार नगरपालिका–६, सिरहा**
**फोन नं.: ०३३–५४०३५६**
**मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६**
**इमेल** : mgnd2070@gmail.com

बर्षः १२, अंकः २९० पृष्ठः ४ | २०८२ फाल्गुन ३० शनिबार (Saturday 14 March 2026) | मूल्य रु. ५।– | इमेल : mgnd2070@gmail.com

## ‘यसपटक मधेशमा ठेकेदारी प्रथा र गढ भत्कायौं’

‘मधेशका टोल–टोलमा ठेकेदारहरूले भोटको हिसाबकिताब गर्थे, यो टोल मेरो, यो तेरो भनेर,’ उनले भने, ‘तर यसपालि जनताले स्वतन्त्र रूपमा मत दिए। पुराना पार्टीहरूले पटक–पटक विश्वासघात गरेपछि जनतामा ठेकेदारी मानसिकता तोडिएको छ।’



**कौशल काफ्ले**

सिरहा, २९ फाल्गुन। ३० वर्षीय शिव यादवले सिरहा–२ मा फराकिलो मतान्तरले चुनाव जिते। उनकै तर्कअनुसार, यसपटक चुनावमा मधेशमा चल्दै आएको ठेकेदारी प्रथा र पुराना दलका गढ सबै भत्किए। स्वच्छ हिसाबले भएको चुनावमा मतदाताले असामान्य तरिकाले मत हाले। यो मत परिणामले मधेश प्रदेशको वैकल्पिक राजनीतिको उदयलाई पनि प्रतिबिम्वित गर्छ। अझ जेनजी आन्दोलनको पृष्ठभूमिमा भएको यो चुनावमा जेनजी आन्दोलनकै सक्रिय अभियन्ता निर्वाचित हुनु झन् अर्थपूर्ण रहेको यादवको बुझाइ छ ।

यादव आफैंमा जेनजी आन्दोलनका सक्रिय कार्यकर्ता थिए। विगत ७–८ वर्षदेखि सडक संघर्षमा रहेका उनी सामाजिक न्याय, भ्रष्टाचारविरुद्ध र युवा मुद्दामा आवाज उठाउँदै कयौं पटक गिरफ्तार भइसकेका व्यक्ति हुन् ।सामाजिक मुद्दामा बोल्दै गर्दा पटकपटक प्रहरी दमनसमेत सहे। हुन त, यादवका लागि यो चुनाव पहिलो होइन। यसअघि २०७९ को निर्वाचनमा पनि उनी लौरो चिह्नबाट सिरहा–२ मै चुनाव लडेका थिए। त्यतिबेला पनि मतदाताको घरदैलोमा उनी पुगेका थिए। तर पार्टीको राष्ट्रिय स्तरको प्रभाव कम थियो ।

पहिलाको चुनावको तुलनामा प्रतिस्पर्धाका हिसाबले यो चुनाव एकदमै सहज भएको अनुभव यादवको छ। रास्वपाको देशव्यापी लहरसँगै उनको जित सहज देखियो। सिरहा–२ मा उनले फराकिलो मतान्तरले जिते। चुनावी अभियानमा शिवले परम्परागत राजनीतिक शैलीलाई चुनौती दिए। पुरानै शैलीमा चुनाव जितिन्छ भन्ने भ्रम चिर्न सुरुबाटै लागिपरे। ‘मधेशका टोल–टोलमा ठेकेदारहरूले भोटको हिसाबकिताब गर्थे, यो टोल मेरो, यो तेरो भनेर,’ उनले भने, ‘तर यसपालि जनताले स्वतन्त्र रूपमा मत दिए। पुराना पार्टीहरूले पटक–पटक विश्वासघात गरेपछि जनतामा ठेकेदारी मानसिकता तोडिएको छ।’

मधेश प्रदेशका हरेक क्षेत्रमा यस्तो देखिएको शिवको दाबी छ। यतिसम्म कि, मधेशमा मधेशकै मुद्दा केन्द्रित गरेर उदाएका मधेशवादी दलले एक सिट पनि जितेनन्। सिंगो मधेशको एक सिटबाहेक सबै रास्वपाकै पक्षमा आयो। यादवको तर्क छ, विगतमा क्षेत्रीय दलहरूले मधेश मुद्दा उठाउने गरे पनि जनताले विश्वास गर्न छोडेका थिए। त्यसैले यसपालि रास्वपाले मधेश आन्दोलनलाई स्वीकार गरेको र बालेन शाहले जनकपुरकै सभाबाट दिएको सन्देशले काम गर्यो। मधेशका अधिकांश मतदाताले आफ्नो प्रतिनिधिको अनुहार बालेनमा देखेकाले पनि चुनावमा अझ सहज प्रतिस्पर्धा भएको उनको ठम्याइ छ।

त्यसैले होला, चुनाव खर्च पनि सोचे जस्तो धेरै भएन। ‘यो पटक साढे सात लाखदेखि आठ लाख रुपैयाँ जति खर्च भयो। निर्वाचन आयोगले तोकेको सीमाभन्दा निकै

**–बाँकी तीन पेजमा**

## रौतहट वनक्षेत्र भित्र निर्मित ६ अवैध घरटहरा भत्काइयो



रौतहट, २९ फाल्गुन। रौतहटको वन क्षेत्रभित्र अवैध रूपमा निर्माण गरिएको ६ वटा घरटहरा भत्काइएको छ। चन्द्रपुर नगरपालिका–६ बेल्डीस्थित वन क्षेत्रमा निर्माण गरिएका अवैध घरटहरा भत्काएको हो। इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुर, सशस्त्र प्रहरी बल बेस क्याम्प सन्तपुर, चन्द्रपुर सब–डिभिजन वन कार्यालय तथा रङपुर साझेदारी वन उपभोक्ता समूहको संयुक्त टोलीले वन क्षेत्रमा निर्माण गरिएको ६ वटा अवैध घर तथा छाप्रा भत्काएर बिहीबार अपराह्न अतिक्रमण हटाएको डिभिजन वन कार्यालय रौतहटका प्रमुख हेमन्त प्रसाद साहले बताएका छन्।

डिभिजन प्रमुख साहका अनुसार गत २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको क्रममा वन कर्मचारीहरू निर्वाचन कार्यमा खटिएका बेला केही स्थानीयले वन क्षेत्रमा रातारात घर तथा छाप्रा निर्माण गरी अतिक्रमण गरेको थियो। उक्त वन क्षेत्र खाली गराउन अवैध संरचना हटाइएको हो। प्रमुख साहले कुनै पनि बहानामा वन अतिक्रमणलाई छुट नदिइने स्पष्ट पारेका छन्। वन क्षेत्रको संरक्षणका लागि अवैध रूपमा घर निर्माण नगर्न तथा वन अतिक्रमण नगर्न सर्वसाधारणलाई उनले आग्रह गरेका छन्।

## किशोरी साहको उम्मेदवारी खारेज विवादको मुद्दा हेर्न नमिल्नेमा, कहिले होला सुनवाइ ?

काठमाडौँ, २९ फाल्गुन। सर्वोच्च अदालतमा धनुषा क्षेत्र नं १ का राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) उम्मेदवार किशोरी साहको मुद्दामा आइतबार सुनुवाइ हुने भएको छ। न्यायाधीशद्वय शारङ्गा सुवेदी र टेकप्रसाद ढुङ्गानाको संयुक्त इजलासमा सुनुवाइ तय भएकामा न्यायाधीश शारङ्गा सुवेदीले साहको मुद्दा हेर्न नमिल्ने भएपछि सुनुवाइ हुन नसकी आइतबारका लागि सारिएको हो। न्यायाधीश सुवेदीले बिहीबार मात्रै साहकै अर्को मुद्दामा आदेश गरेको हुनाले हेर्न नमिलेको हो। निर्वाचन आयोगले कर्जा सूचना केन्द्रको कालोसूचीमा रहेका उल्लेख गर्दै यही फागुन १९ गते साहको उम्मेदवारी खारेज गर्ने निर्णय गरेको थियो। सोही आयोगको निर्णयविरुद्ध साहले सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका थिए। अदालतले साहलाई कालोसूचीमा राख्ने निर्णय तत्काल कार्यान्वयन नगर्न आदेश गरेको थियो।




## तनाव व्यवस्थापनका तरिका

- नियमितरूपमा ध्यान, योग र व्यायाम गरौं।
- परिवार र आफ्नो विश्वासिलो साथीसँग खुलेर कुरा गरौं।
- पर्याप्त निन्द्रा र आराम गरौं।
- स्वस्थ र सन्तुलित खाना खाने गरौं।
- आ नो रुचिका गतिविधिमा संलग्न हुने गरौं।
- काम र विश्रामबीचको सन्तुलन राख्ने गरौं।

तनाव व्यवस्थापन गरौं, स्वस्थ्य जीवन बाँचौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## सिरहामा आँप उत्पादन बढ्ने संकेत

सिरहा जिल्ला लामो समयदेखि “आँपको राजधानी” का रूपमा परिचित रहँदै आएको छ। यस पहिचानलाई यस वर्ष झन् मजबुत बनाउने संकेत देखिएको छ। कृषि ज्ञान केन्द्र सिरहाका अनुसार जिल्लाभर यस वर्ष आँपको उत्पादन बढ्ने सम्भावना बलियो देखिएको छ। अहिले अधिकांश आँपका बोटहरूमा ढकमक्क मञ्जर (फूल) लागेको देखिएकाले किसानहरूमा आशा र उत्साह बढेको छ। जिल्लामा करिब पाँच हजार हेक्टर क्षेत्रफलमा आँप खेती भइरहेको अनुमान छ। यस क्षेत्रमा हजारौँ किसान प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आँप खेतीमा निर्भर छन्। उत्पादन बढ्ने संकेत देखिएसँगै किसानहरू यस वर्ष राम्रो आम्दानी हुने अपेक्षामा छन्। आँपका बोटहरूमा प्रशस्त मञ्जर देखिनु उत्पादन बढ्ने प्रमुख आधार भएको कृषि ज्ञान केन्द्रका प्रमुख नरेन्द्र महासेठले बताउनुभएको छ। उहाँका अनुसार आँपको बोट सामान्यतया एक वर्ष राम्रो फल्ने र अर्को वर्ष कम फल्ने चक्रमा चल्ने गर्छ। यस वर्ष धेरै बोटहरू फल्ने चक्रमा परेकाले पनि मञ्जर बढी लागेको हो।

कृषि ज्ञान केन्द्रले उत्पादन वृद्धि सुनिश्चित गर्न आवश्यक प्राविधिक सहयोगसमेत उपलब्ध गराइरहेको जनाएको छ। मञ्जर सुरक्षित राख्नका लागि पहिलो चरणको औषधि छरिसकिएको र अब टिकुला लागेपछि दोस्रो चरणको औषधि छर्ने तयारी भइरहेको छ। यसका लागि जिल्लाका १७ वटै स्थानीय तहका कृषि शाखासँग समन्वय गरेर किसानहरूलाई आवश्यक प्राविधिक जानकारी तथा सहयोग प्रदान गर्दिँदै आएको महासेठले जानकारी दिनुभयो। यसले रोग तथा कीराको जोखिम कम गर्न र उत्पादन बढाउन सहयोग पुग्ने विश्वास गरिएको छ। यस वर्ष अहिलेसम्म वर्षा नभएकाले आँपमा देखिने प्रमुख समस्या ‘मधुवा रोग’ नलागेको जानकारी लहान नगरपालिका कृषि शाखा प्रमुख प्रकाश साह हलुवाइले दिनुभयो। उहाँका अनुसार वर्षा कम हुँदा रोगको जोखिम पनि कम हुने भएकाले हालसम्म बोटहरूको अवस्था राम्रो रहेको छ। लहान नगरपालिकाका वडा नम्बर १३, १४, १५, १७, १८, १९ र २३ लाई आँपको पकेट क्षेत्रका रूपमा चिनिन्छ। ती क्षेत्रमा रहेका किसानहरूलाई नगरपालिकाले निरन्तर प्राविधिक सहयोग उपलब्ध गराइरहेको छ।

उत्पादन बढ्ने सम्भावनासँगै बजार व्यवस्थापनको विषय पनि महत्वपूर्ण बनेको छ। कृषकहरूले उत्पादन बढेपछि उचित मूल्यमा बिक्री हुने वातावरण हुनुपर्ने माग गर्दै आएका छन्। यसैलाई ध्यानमा राख्दै कृषि ज्ञान केन्द्र सिरहाले सुरुदेखि नै बजार व्यवस्थापनका लागि आवश्यक समन्वय गरिरहेको जनाएको छ। यस वर्ष आँपको व्यवस्थित ब्रान्डिङ गरेर बाहिरी बजारमा पठाउने योजना पनि बनाइएको छ। आँपको गुणस्तर, पहिचान र बजार विस्तारका लागि ब्रान्डिङ महत्वपूर्ण मानिन्छ। यदि उत्पादनलाई व्यवस्थित रूपमा बजारसम्म पुऱ्याउन सकियो भने सिरहाको आँपले राष्ट्रिय स्तरमा मात्र होइन, अन्तर्राष्ट्रिय बजारमा समेत पहिचान बनाउन सक्ने सम्भावना रहेको कृषि क्षेत्रका जानकारहरू बताउँछन्।

यस्तै, लहान क्षेत्रका किसानहरूले शीत भण्डार (कोल्ड स्टोरेज) र आँपको जुस उद्योग सञ्चालन गर्नुपर्ने माग पनि उठाएका छन्। उत्पादन बढेपछि भण्डारण र प्रशोधनको व्यवस्था नभएमा किसानहरूले उचित मूल्य पाउन कठिन हुने भएकाले यस्तो माग गरिएको हो। यदि शीत भण्डार र प्रशोधन उद्योग स्थापना भएमा किसानहरूले उत्पादन सुरक्षित राख्न सक्ने र मूल्य पनि राम्रो पाउने विश्वास गरिएको छ।

हालै सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा सिरहा–१ बाट निर्वाचित सांसद बब्लु गुप्ताले यस विषयमा पहल गर्ने प्रतिबद्धता जनाएपछि किसानहरू थप उत्साहित भएका छन्। कृषकहरूले आशा गरेका छन् कि कृषि उत्पादनलाई दीर्घकालीन रूपमा व्यवस्थित बनाउन स्थानीय तथा संघीय तहबाट आवश्यक पूर्वाधार र नीति सहयोग प्राप्त हुनेछ। समग्रमा हेर्दा सिरहा जिल्लामा यस वर्ष आँप उत्पादन बढ्ने संकेतले किसानहरूमा आशा जगाएको छ। तर उत्पादन वृद्धि मात्र पर्याप्त हुँदैन। यसको दीर्घकालीन लाभ लिन बजार व्यवस्थापन, भण्डारण, प्रशोधन उद्योग र प्रभावकारी कृषि नीति आवश्यक हुन्छ। यदि यी पक्षमा समुचित ध्यान दिन सकियो भने सिरहा साँच्चै “आँपको राजधानी” का रूपमा अझ मजबुत रूपमा स्थापित हुन सक्छ।

# कानुनी अधिकार हुँदा पनि व्यवहारमा कठिनः नेपालमा सुरक्षित गर्भपतनमा चुनौती

**लक्ष्मी चौधरी**

जनकपुरधाम, २९ फाल्गुन। नेपालमा सुरक्षित गर्भपतनले कानुनी मान्यता पाएको दुई दशक बितिसक्दा पनि व्यवहारमा यसप्रति समाजको दृष्टिकोण पूर्ण रूपमा परिवर्तन हुन सकेको छैन। संविधानले महिलाको सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यलाई मौलिक अधिकारका रूपमा सुनिश्चित गरेको भए पनि गर्भपतनलाई अझै पनि धेरै ठाउँमा अपराधसरह हेर्ने मानसिकता कायम छ। यसको प्रत्यक्ष असर महिला र किशोरीमाथि परिरहेको देखिन्छ।करिब डेढ महिना अघि मधेश प्रदेशको पूर्वी जिल्ला सप्तरीकी ३० वर्षीया रिना साह ( नाम परिवर्तन) ले यस्तो पीडादायी अनुभव भोग्नुपऱ्यो

उहाँ दुई सन्तानकी आमा भइसकेपछि गर्भ नराख्ने सोच हुँदा हुँदै अनिच्छित पुनः गर्भ रहन पुग्यो। आढाई देखि तीन महिनाको गर्भ हुँदा आफू गर्भवति भएको थाहा भयो। समाजको डर, लाज र आलोचनाको भयका कारण उहाँले सुरक्षित तरिकाले गर्भपतन गराउने सेवा नलिई नजिकैको एक क्लिनिकमा गएर औषधी सेवन गर्नुभयो। तर, त्यो औषधीले गर्भपतन गराएन, बरु अत्यधिक पीडा मात्र भयो। दुई दिनपछि उहाँ पुनः सोही क्लिनिकमा पुग्नुभयो र औषधीले काम नगरेको भन्दै सोही क्लिनिकमा उहाँलाई यौनाङ्गमार्फत अर्को औषधि राखियो। त्यसपछि भने असह्य पीडा सुरु भयो। अवस्था जटिल बन्दै गएपछि उहाँलाई जिल्लाबाट नजिक पर्ने विराटनगरको एक अस्पतालमा लगियो, जहाँ चिकित्सकको सुझावमा सुरक्षित गर्भपत विधि नै अपनाएपछि मात्र उहाँको अवस्था सामान्य बन्न पुग्यो।

यस घटनाले समाजमा अझै पनि गर्भपतनलाई अपराधजस्तो ठान्ने सोच बलियो रहेको देखाउँछ। धेरै महिलाहरू खुलेर सुरक्षित गर्भपतन सेवा लिन सकिरहेका छैनन्। समाजको डर, लाज, कानुनी अस्पष्टताका कारण महिलाहरू गोप्य रूपमा असुरक्षित तरिका अपनाउन बाध्य हुन्छन्, जसले गर्दा शारीरिक पीडा मात्र होइन, ज्यान जाने खतरा समेत बढ्ने गर्दछ। यस्तै धनुषा जिल्लाकै दलित समुदायकी १९ वर्षिया बलिका सुगिया (परिवर्तित नाम) आठ महिनाको गर्भ भएपछि मात्र आफू गर्भवती भएको थाहा पाउनुभयो।

मानसिक रुपमा अलि कमजोर ति बालिकलाई कसको गर्भ रहयो त्यो पनि जानकारी भएन। उहाँका परिवारले गर्भपतन गराउने कुरामा कानुन लाग्छ र बदनाम हुन्छ भनेर अभिभावकले पनि गर्भतन गराउन मनेनन्। कानुनी जटिलताका कारण कानुनी रुपमा ति किशोरीले गर्भपतन सेवा लिनै पाइनन्। पैसा हुनेले छिमेकी देश भारतमा गएर गर्भपतन गराउने गर्छन्।

यसैगरी धनुषाकै सबैला नगरपालिकाकी १३ वर्षीया एक किशोरी आफन्तबाट बलात्कारमा परिन्। सात हप्ताको गर्भ रहेको पुष्टि भएपछि मुद्दा दर्ता भयो। तर, अभियुक्त आफन्त नै भएको थाहा पाएपछि मुद्दा दबाउने प्रयाससमेत भयो। गर्भवती भएको कारण अभिभावकले समेत उहाँलाई अस्वीकार गर्नुभयो। पछि यो विषय धनुषास्थित महिला पुनर्स्थापना केन्द्र (ओरेक) सम्म पुग्यो। प्रहरीको समन्वयमा किशोरीलाई पुनः अभिभावककै जिम्मा लगाइयो, तर त्यसपछि उनको अवस्था अज्ञात रह्यो। सम्भवतः उनलाई भारत लगेर असुरक्षित रूपमा गर्भपतन गराइएको हुनसक्ने अनुमान गरिन्छ।

भारतसँग खुला सिमाना जोडिएको जिल्लामा सामाजिक लाज र कानुनी जटिलताका कारण कतिपयले भारत पुगेर गोप्य रूपमा गर्भपतन गराउने प्रवृत्ति बढेको देखिन्छ। विशेषगरी आफन्तबाट हुने यौन हिंसाका घटनामा यस्तो समस्या बढी देखिन्छ, जसले महिलाको स्वास्थ्यमा गम्भीर असर पार्नुका साथै मृत्युको जोखिमसमेत बढाउँछ।

**कानुनी अधिकार, व्यवहारमा कठिन**

नेपालको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ अनुसार गर्भवती महिलाको मञ्जुरीमा १२ हप्तासम्म सुरक्षित गर्भपतन गर्न पाइन्छ। महिलाको ज्यान वा स्वास्थ्यमा जोखिम, जबर्जस्ती करणी वा हाडनाता करणीबाट रहन गएको गर्भ, एचआईभी वा निको नहुने रोग, तथा भ्रुणमा गम्भीर खराबी देखिएमा २८ हप्तासम्म गर्भपतन गर्न पाइने व्यवस्था छ। साथै, जबरजस्ती, धम्की वा प्रलोभनमा पारेर गर्भपतन गराउन र भ्रुणको लिङ्ग पहिचान गरी गर्भपतन गर्न कानुनले निषेध गरेको छ, र उल्लंघन गरेमा सजायको व्यवस्था पनि छ।

तर, मुलुकी अपराध संहिता, २०७४ मा गर्भपतनसम्बन्धी सजायको व्यवस्था यथावत् रहँदा कतिपय अवस्थामा महिला र स्वास्थ्यकर्मी नै कानुनी जोखिममा पर्ने गरेका छन्। यसले प्रजनन स्वास्थ्य अधिकारको पूर्ण कार्यान्वयनमा बाधा उत्पन्न गरेको देखिन्छ। यसैले सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ लाई संशोधन गरी संविधान र अन्तर्राष्ट्रिय दायित्वअनुसार गर्भपतन सेवालाई पूर्ण रूपमा निरअपराधीकरण गर्न आवश्यक देखिन्छ।कानुनमा अधिकार सुनिश्चित गरेर मात्र पुग्दैन व्यवहारमा महिलाले सहज, सुरक्षित र सम्मानजनक रूपमा सेवा पाउने वातावरण सिर्जना गर्नु नै वास्तविक संवैधानिक प्रतिबद्धताको कार्यान्वयन हुनेछ।महिला कानून र विकास मञ्चका अधिवक्ता नबिनकुमार श्रेष्ठका अनुसार समाजमा गर्भपतनलाई अझै पनि पाप वा अपराधका रूपमा हेर्ने दृष्टिकोण बलियो छ।

सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐनले गर्भपतनलाई अधिकारका रूपमा व्यवस्था गरे पनि अहिले पनि गर्भपतनसम्बन्धी मुद्दा प्रहरी र अदालतमा दर्ता हुने गरेका छन्। उहाँका अनुसार अध्ययनहरूले महिलालाई गर्भपतनबारे स्वतन्त्र निर्णय गर्ने अधिकार सीमित रहेको देखाएका छन्। परिवार र समाजको दबाबका कारण अनिच्छित गर्भसमेत जन्माउनुपर्ने अवस्था छ। कतिपय अवस्थामा मिसक्यारेज जस्ता प्राकृतिक घटनामा पनि महिलामाथि कानुनी कारबाही हुने उदाहरण भेटिएका छन्। त्यसैले गर्भपतनलाई अपराध होइन अधिकारका रूपमा बुझाउने जनचेतना बढाउन, यौनिक शिक्षा र परिवार नियोजन सेवाको पहुँच विस्तार गर्न तथा कानुनी अवरोध हटाउँदै गर्भपतनलाई पूर्ण रूपमा निरअपराधीकरण गर्न आवश्यक रहेको उहाँको भनाइ छ।

विश्व स्वास्थ्य संगठनले पनि सन् २०२२ मा सार्वजनिक गरेको ‘एबोर्सन केयर गाइडलाइन’ मार्फत गर्भपतनलाई अपराधीकरण नगर्न, गर्भ अवधिका आधारमा अनावश्यक सीमितता नलगाउन, तेस्रो पक्षको अनुमति अनिवार्य नगर्न र सेवा प्रदायकको दायरा सीमित नगर्न सिफारिस गरेको छ। नेपालले अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरूमा प्रतिबद्धता जनाएको सन्दर्भमा सुरक्षित गर्भपतन सेवालाई पूर्ण रूपमा निरअपराधीकरण गर्नु राज्यको संवैधानिक तथा कानुनी दायित्वभित्र पर्छ।

मधेशमा महिला अधिकारका विषयमा लामो समयदेखि वकालत गर्दै आउनुभएकी महिला अधिकारकर्मी तथा अधिवक्ता रेखा झाका अनुसार नेपालमा सुरक्षित गर्भपतनप्रति समाज अझै नकारात्मक छ। कानुनले महिलालाई अधिकार दिएको भए पनि घरपरिवार र समाजले त्यसलाई सहज रूपमा स्वीकार गर्दैनन्, जसका कारण महिलाले लाञ्छना र प्रश्नको सामना गर्नुपर्छ। विशेषगरी मधेश र ग्रामीण क्षेत्रमा सामाजिक दबाब, बदनाम हुने डर र परिवारको असहयोगले सेवा लिन अझ कठिन बनाउँछ।

उहाँले भन्नुभयो,‘महिलाको प्रजनन अधिकार सुनिश्चित गर्न राज्यले कानुन कार्यान्वयनसँगै जनचेतना बढाउनुपर्छ। साथै समाज र घरपरिवारको सोच परिवर्तन गर्न नागरिक समाज, स्वास्थ्य प्रणाली र सरोकारवालाले संयुक्त अभियान सञ्चालन गर्नु आवश्यक छ।’ ‘नेपालमा गर्भपतनको प्रश्न केवल स्वास्थ्य सेवासँग सम्बन्धित विषय मात्र होइन। यो कानुनी संरचना, सामाजिक सोच, लैङ्गिक समानता र मानव अधिकारसँग प्रत्यक्ष जोडिएको गम्भीर मुद्दा हो। कानुनले निश्चित अधिकार सुनिश्चित गरेको भए पनि व्यवहारमा महिलालाई अझै पनि दोषी वा अपराधीझैँ व्यवहार गरिने अवस्था पूर्ण रूपमा अन्त्य भएको छैन’, ‘अधिवक्ता झाले भन्नुभयो।’

त्यसैले गर्भपतनलाई नैतिक बहसभन्दा बाहिर ल्याएर मानव अधिकार र सार्वजनिक स्वास्थ्यको दृष्टिकोणबाट हेर्ने समय आएको अधिकारकर्मीहरूको समेत भनाइ छ।

**नेपालमा ५२ प्रतिशत गर्भपतन अझै पनि असुरक्षित**

नेपाल सरकारको तथ्यांकअनुसार वर्षेनी करिब साढे आठ लाख गर्भधारण हुने गरेका छन्, जसमध्ये ५३ प्रतिशत गर्भधारण अनिच्छित हुने देखिएको छ। कुल गर्भधारणमध्ये तीन लाखभन्दा बढी गर्भपतन हुने गरेका छन्। तीमध्ये करिब एक लाख मात्र सूचीकृत स्वास्थ्य संस्थामा सुरक्षित रूपमा गरिन्छन्। बाँकी करिब ५२ प्रतिशत गर्भपतन अझै पनि असुरक्षित तरिकाबाट हुने गरेको तथ्यांकले देखाउँछ।

**मधेशमा गर्भपतन जटिल**

मधेश प्रदेशमा गर्भपतनसम्बन्धी कानुनी जटिलता झन् पेचिलो बन्दै गएको देखिन्छ। प्रदेश प्रहरी कार्यालयको तथ्यांक अनुसार चालु आर्थिक वर्षमा सप्तरीमा ४, सर्लाहीमा ३ र पर्सामा १ गरी कुल ८ वटा मुद्दा अदालतमा विचाराधीन छन्।

गत आर्थिक वर्षमा भने प्रदेशभर १३ वटा ‘अवैध’ गर्भपतनसम्बन्धी मुद्दा दर्ता भएका थिए भने तथ्यांक बाहीर पनि यस्ता थुप्रा घटना छन्, जुन समाजभित्र दबेर बसेका छन्।

जसकारण महिला माथि हिंसा समेत हुने गरेको पाएको छ। तर, यि त सरकारी तथ्यांक भित्रका कुरा भए। गोप्य रुपमा महिलाको इच्छा विरित गर्भपतन गरिने, गर्भपतनकै कारण महिलामाथि हुने हिंसाहरु अधिकांश लुकाइएका हुन्छन् जुन बाहीर आउन सकेका छैनन्। महिला कानुन र विकास मञ्च, सिआरआर र कृपा जस्ता संस्थाका अनुसार सुरक्षित सेवाको पहुँच नहुँदा वा कानुनी अज्ञानताका कारण अझै पनि महिलाहरू जेल पुग्ने अवस्था अन्त्य भएको छैन।

समाजले यसलाई अझै पनि ‘लाज’ वा ‘पाप’को दृष्टिले हेर्ने र कानुनी संरचनाले अपराधसरह व्यवहार गर्ने अवस्थासम्म सुरक्षित गर्भपतनको अवधारणा व्यवहारमा पूर्ण रूपमा लागू हुन सक्दैन। त्यसैले महिलाको प्रजनन अधिकारलाई फौजदारी कानुनको दायराबाट हटाई स्पष्ट रूपमा स्वास्थ्य अधिकारका रूपमा मान्यता दिनु आजको अपरिहार्य आवश्यकता बनेको छ। गोपबाट

# ‘निर्वाचनका सन्दर्भमा केही नीतिगत सुधारको अझै खाँचो छ’

काठमाडौँ, २९ फाल्गुन। भर्खरै सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचन शान्ति, सुरक्षा र व्यवस्थापकीय हिसाबले प्रशंसनीय भए पनि त्यस निर्वाचनको अनुभवबाट केही महत्वपूर्ण विषयमा भने नीतिगत सुधारको आवश्यकता औँल्याइएको छ। निर्वाचन प्रक्रिया र प्रणाली सुधारका क्षेत्रमा काम गर्दै आएको ‘चेतना परियोजना’ले निर्वाचनको मिति घोषणापछि गरेको अनुसन्धानबाट निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र मितव्ययी तुल्याउन थप केही नीतिगत विषयमा प्रभावकारी सुधारको खाँचो औँल्याएको हो।

समग्र विकास सेवा केन्द्र र फ्रिड्म स्टुडियोद्वारा आयोजित कार्यक्रममा परियोजना निर्देशक डा प्रेमराज ढुङ्गेलले आचारसंहिताको पूर्ण पालनासहित निर्वाचनसँग जोडिएर आएका केही महत्वपूर्ण विषयमा नीतिगत तहमै सुधार गर्नुपर्ने देखिएको बताउनुभयो। उहाँले संविधानमै आवधिक निर्वाचनको मिति तोक्ने व्यवस्था गर्न तथा हिंसात्मक द्वन्द्व वा विवादबाट पीडित उम्मेदवार र मतदातालाई क्षतिपूर्ति र राहतको व्यवस्था गरिनुपर्ने धारणा राख्नुभयो। द्वन्द्व भन्नाले भौतिक आक्रमण भन्ने पाटोलाई मात्र नबुझिदिन आग्रह गर्दै उहाँले निर्वाचनलाई स्वस्थ रूपमा अघि बढाउने सिलसिलामा शान्तिपूर्ण रूपमै आएका चुनौती, देखिएका असहमति र समस्यालाई समेत सम्बोधन गर्न आवश्यक रहेको बताउनुभयो।

उक्त संस्थाले निर्वाचनका बेला अनलाइन माध्यममा आएका घृणात्मक अभिव्यक्ति, दुष्प्रचार र उत्तेजनापूर्ण सामग्री सम्प्रेषण नियन्त्रण गर्न बेग्लै सामाजिक सञ्जाल लक्षित आचारसंहिता तर्जुमा गर्नुपर्ने आवश्यकता औँल्याएको छ। चुनावको मिति घोषणापछि निश्चित अवधिसम्म उम्मेदवार र दलका सदस्यको राजनीतिक सम्बद्धता परिवर्तनमा निषेध गर्ने कानुनी व्यवस्था मिलाउन तथा लोकतान्त्रिक प्रणाली र नागरिक शिक्षासम्बन्धी विषय विद्यालय तहदेखि नै पाठ्यक्रममा समावेश गर्न सुझाव दिइएको छ। संस्थाले निर्वाचनमा हुने खर्च विवरण अनिवार्य सार्वजनिक गर्ने पारदर्शी प्रणाली लागू गर्न तथा दलभित्रको पारदर्शिता, आन्तरिक लोकतन्त्र र उत्तरदायित्व सुनिश्चित गर्नुपर्नेमा जोड दिएको छ।

परियोजना प्रतिवेदनमा भनिएको छ, “राजनीतिक दलले महिला उम्मेदवारलाई प्रोत्साहन गर्न सुरक्षा र गोपनीयता सुनिश्चित गर्न तथा आयोगले वार्षिक रूपमा निर्वाचनसम्बन्धी अनुगमन, मूल्याङ्कन तथा सुधारात्मक कार्यक्रम सञ्चालन गर्ने नीतिगत र कानुनी दायित्वसमेत निर्धारण गर्नुपर्ने देखिन्छ।” कुनै निर्वाचन क्षेत्रमा राजनीतिक तनाव तथा विशेष जोखिम देखिएमा अग्रिम सूचना दिई जानकारी गराउने प्रारम्भिक चेनावनी प्रणाली विकास गरिनुपर्ने तथा निर्वाचन प्रक्रियामा हुने हिंसा, द्वन्द्व र कानुनविपरीत कार्य गरेमा कारबाही सुनिश्चिता गर्ने नीतिगत व्यवस्थाको खाँचो औँल्याइएको छ।

निर्वाचन आचारसहिता पालना र कार्यान्वयनमा कडाइ गर्दै उल्लङ्घन गर्नेलाई तत्काल कारबाही गर्न तथा उम्मेदवारको व्यक्तिगत, राजनीतिक, आर्थिक तथा अन्य संस्थागत संलग्नताको पारदर्शी विवरण जाँच तथा सार्वजनिक गर्ने व्यवस्था लागू गर्न सुझाव दिइएको छ। उक्त परियोजनाले मूलधारका सञ्चारमाध्यम, अनलाइन मिडिया र सामाजिक सञ्जालमा आएका विषयवस्तुलाई आधार बनाइ गरेको तीनमहिने अध्ययनमा त्यस अवधिमा ३०० भन्दा बढी द्वन्द्वका घटना अभिलेख गरिएकामा शान्ति, सुरक्षासँग जोडिएका ११२ वटा रहेको उल्लेख छ। त्यसमध्ये सबैभन्दा बढी बागमती प्रदेश र काठमाडौँ जिल्लामा भएका जनाइएको छ।

त्यस्ता घटनामा राजनीतिक दल र उनका कार्यकर्ता जोडिएको पाइएको तथा केहीमा भने राज्यका प्रतिनिधि पनि संलग्न रहेको भेटिएको प्रतिवेदनमा उल्लेख छ। यसपटक निर्वाचन त्यस्ता केही घटनामा निर्वाचन अधिकृतसमेत मुछिएको तथा केही स्थानमा ‘नो भोट’को विषय पनि उठेको बताइएको छ। नेपालको निर्वाचनबारे कार्यपत्र प्रस्तुत गर्दै अधिवक्ता सागर घिमिरे निर्वाचनलाई थप स्वच्छ, स्वतन्त्र र विश्वासिलो तुल्याउन यससम्बन्धी मापदण्ड, कार्यविधि, नीति, ऐन, नियमको परिमार्जनदेखि संविधान संशोधनको आवश्यकतासमेत रहेको बताउनुभयो।

आफूले मत दिएका उम्मेदवार निर्वाचित हुनुअघि कसरी कालोसूची पर्न सक्छ भन्ने मतदाताको जिज्ञासालाई शान्त तुल्याउन सक्नुपर्नेमा जोड दिँदै उहाँले त्यस्ता घटनाले मतदाताको मत खेर जान सक्ने पाटोमा राज्यले पहिल्यै ध्यान पुऱ्याउन सक्नुपर्नेमा जोड दिनुभयो। राजनीतिक दल र उम्मेदवारले बुझाएको खर्चको विवरण सही हो वा होइन भनी परीक्षण गर्ने विधि आवश्यक रहेको बताउँदै उहाँले आगामी निर्वाचनलाई चुस्त र व्यवस्थित तुल्याउन विद्युतीय मतदान उपकरणको प्रयोग गर्नेतर्फ राज्यको ध्यानाकषर्ण गराउनुभयो।

त्यस अवसरमा सहभागी वक्ताहरूले आगामी स्थानीय तहका उपनिर्वाचनमा ‘अग्रभोटिङ’ व्यवस्था गर्न तथा ‘नो भोटिङ’ प्रणालीले उम्मेदवार र राजनीतिक दललाई प्रोत्साहन मिल्छ भन्ने पाटो बुझाउन आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो। उक्त संस्थाले समानुपातिकतर्फ खुला सूची प्रणाली लागू गर्दै मतदाताले दललाई मात्र नभई व्यक्तिलाई पनि प्रत्यक्ष रूपमा छनोट गर्ने व्यवस्था मिलाउन पनि ध्यानाकर्षण गराएको छ। त्यस्तै निर्वाचन विवाद निरूपणका लागि स्वतन्त्र र छिटो न्याय प्रदान गर्ने विशेष मार्ग अवलम्बनको व्यवस्था मिलाउन सुझाव दिएको छ।

# उम्मेदवारको खर्चमा पारदर्शीता देखिएनः संयुक्त पर्यवेक्षण प्रतिवेदन

काठमाडौँ, २९ फाल्गुन। प्रतिनिधिसभा सदस्य निर्वाचनमा उम्मेदवारहरूको खर्चमा पारदर्शीता नदेखिएको संयुक्त प्रारम्भिक पर्यवेक्षण प्रतिवेदनले जनाएको छ। राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) र निर्वाचन पर्यवेक्षण समिति नेपाल ( इओसी नेपाल)को संयुक्त प्रारम्भिक निर्वाचन पर्यवेक्षण प्रतिवेदनमा निर्वाचनको अभियान खर्चमा कानुनी सीमा र वास्तविक खर्चबीच ठूलो अन्तर देखिएको उल्लेख छ।

प्रतिवेदनमा निर्वाचन आयोगले उम्मेदवारका लागि तोकिएको खर्च सीमाभन्दा व्यवहारमा करोडौँ रुपैयाँसम्म खर्च भएको पाइएको उल्लेख छ। आज यहाँ आयोजित पत्रकार सम्मेलनमार्फत नियोकका अध्यक्ष डा गोपालकृष्ण सिवाकोटीले अभियान खर्च र प्रचार विधिबारे निर्वाचन खर्च सम्बन्धि विस्तृत अनुसन्धान प्रतिबेदन छुट्टै प्रकाशन गरिने जानकारी दिनुभयो।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फका उम्मेदवारका लागि भूगोलअनुसार अधिकतम खर्च सीमा रु ३३ लाख तोकिएको थियो भने समानुपातिक निर्वाचन प्रणालीतर्फका उम्मेदवारका लागि करिब रु दुई लाख खर्च सीमा निर्धारण गरिएको थियो। तर उच्च प्रोफाइल निर्वाचन क्षेत्रमा वास्तविक खर्च आयोगले तोकेको खर्चको सीमाभन्दा बढी भएको पाइएको डा सिवाकोटीले बताउनुभयो। अन्य क्षेत्रमा समेत तोकिएको सीमाभन्दा १० गुणा बढीसम्म खर्च गरेको पाइएको प्रतिवेदनको दाबी छ।

यस्तै, डिजिटल प्रचारप्रसारमा बढ्दो निर्भरता पनि खर्चको पारदर्शिताका लागि चुनौती बनेको प्रतिवेदनले उल्लेख गरेको छ। उम्मेदवारी दर्तापछि सामाजिक सञ्जाल व्यवस्थापक, कन्टेन्ट क्रिएटर तथा डिजिटल प्रचारसम्बन्धी सेवाको माग उल्लेखनीय रूपमा बढेको र यस्ता सेवाको शुल्क लाखौँ रुपैयाँसम्म पुग्ने गरेको उल्लेख गरिएको छ। तर, यी खर्चहरू प्रायः औपचारिक खर्च विवरणमा समावेश नहुने भएकाले ‘अदृश्य खर्च’ बढिरहेको प्रतिवेदनले औँल्याएको छ।

निर्वाचन आयोगले डिजिटल प्रचारको अनुगमनका लागि मेटा र टिकटक जस्ता सामाजिक सञ्जाल ‘प्लेटफर्म’सँग सहकार्य गरेको थियो। त्यस्तै, संयुक्त राष्ट्रसंघ युएनडिपी र द एसिया फाउन्डेसनको प्राविधिक सहयोगमा सामाजिक सञ्जाल र ‘डिजिटल’ सामग्रीको निगरानीका लागि विशेष सफ्टवेयर प्रयोग गरिएको प्रतिवेदनमा उल्लेख छ। तर, सामाजिक सञ्जालमार्फत हुने विज्ञापन खर्च अझै अपारदर्शी रहेको प्रतिवेदनले देखाएको इओसी नेपालका अध्यक्ष अधिवक्ता श्रीकृष्ण सुवेदीले बताउनुभयो।

“यो केव वित्तीय खाडल केवल पारदर्शीताको समस्या होइन, यो एउटा संरचनागत बाधा हो, जसले महिला दलित उम्मेदवार र दाता सञ्जालसम्म पहुँचमा भएका व्यक्तिहरूलाई व्यवस्थित रूपमा अर्थपूर्ण प्रतिष्पर्धाबाट बाहिर राख्छ”, उहाँले भन्नुभयो। प्रतिवेदनमा पर्यवेक्षणका क्रममा निर्वाचन आयोगप्रति सरोकारवालाको भरोसा उच्च रहेको तर मतदाता शिक्षामा कमी र दुर्गम क्षेत्रमा सूचनाको असमान पहुँच व्यापक रूपमा देखिएको उल्लेख छ।

# ‘वायु प्रदूषणले नेपालमा बर्सेनि ४२ हजार मानिसको मृत्यु हुने गरेको छ’

काठमाडौँ, २९ फाल्गुन। वायु प्रदूषणका कारण नेपालमा बर्सेनि करिब ४२ हजार मानिसको मृत्यु हुने गरेको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले तीमध्ये २१ प्रतिशत मृत्यु पाँच वर्षमुनिका बालबालिका रहने गरेका बताउनुभयो। वायु प्रदूषणका कारण श्वासप्रश्वाससम्बन्धी दम, मुटुरोग तथा हृदयघात, मस्तिष्कघात, उच्च रक्तचाप, मधुमेह, क्यान्सर र स्मरणशक्ति कमजोर हुने समस्या देखिने गरेको उहाँले बताउनुभयो।

प्रदूषणका कारण बालबालिकालाई श्वासप्रश्वास सम्बन्धी समस्या देखिनु, मुटुसम्बन्धी रोग हुने सम्भावना बढ्नु, शिशु बिरामीदर बढ्नु, बाल्यकालमा क्यान्सरको जोखिम हुनु, मस्तिष्क विकासमा ढिलाइ र असामान्य व्यवहार देखिनु, कुपोषणको देखिनु जस्ता समस्या पनि देखिने गरेका विज्ञहरूले बताउने गरेका छन्। यस्तै, कम तौलको बच्चा जन्मिनु, रक्तअल्पता हुनु, बाँझोपन हुनु, गर्भकालीन मधुमेह हुनु, मानसिक स्वास्थ्य समस्या देखिनु जस्ता समस्या आउने गरेका छन्।

विश्व स्वास्थ्य सङ्गठन ( डब्लुएचओ)को मापदण्डभन्दा नेपालमा वायु प्रदूषण आठ गुणा बढी देखिएको मन्त्रालयका प्रवक्ता डा बुढाथोकीले जानकारी दिनुभयो। नेपालमा बिहीबार वायु गुणस्तर सूचक १८५ सम्म देखिएको उहाँले बताउनुभयो। डब्लुएचओको मापदण्डअनुसार स्वास्थ्यका लागि हानिकारक मानिने सूक्ष्म कणको वार्षिक औसत मात्रा प्रतिघनमिटर पाँच माइक्रोग्रामभन्दा बढी हुनुहुँदैन। सूक्ष्म कण त्योभन्दा कम भएमा हावामा तैरने सक्ने र जसले स्वासप्रश्वास प्रक्रियामा फोक्सोसम्म पुग्ने गरेको डा बुढाथोकीले बताउनुभयो। नेपालमा डब्लुएचओको मापदण्डभन्दा बढी नै प्रदूषण भएको उहाँले बताउनुभयो।

वायु गुणस्तर सूचक ० देखि ५० सम्म स्वस्थ, ५१ देखि १०० सचेत, १०१ देखि १५१ सम्म जोखिम समूह (ज्येष्ठ नागरिक, दीर्घरोग र बालबालिका) का लागि हानिकारक मानिन्छ। वायु गुणस्तर सूचक १५१ भन्दामाथि भएमा अस्वस्थ्य मानिने गरिएको छ। यसलाई डब्लुएचओको मापदण्डभित्र पुर्‍याउन सके हरेक वर्ष नेपालीको आयु तीन दशमलव तीन वर्षले बढ्ने अनुमान गरिएको छ। वायु प्रदूषणकै कारणले वार्षिक ७९ लाख मानिसको मृत्यु हुने गरेको र तीमध्ये ९० प्रतिशत कम र मध्यम आय भएका देशका नागरिक पर्दछन्। वायु प्रदूषण सवारीसाधनबाट निस्केको धुँवा, औद्योगिक उत्सर्जन, खुला रूपमा फोहर तथा जैविक पदार्थ जलाउँदा निस्कने धुँवा, सडक र निर्माण कार्यको धुलो, वन डढेलो र किटनाशक र विषादीको प्रयोगलगायतबाट हुने गरेको छ।

## ‘यसपटक मधेशमा...

तल खर्च भयो,’ उनले भने, ‘तर यसअघि सामान्य तरिकाले एक्लै लड्दा भने दुई–तीन लाख मात्र खर्च भएको थियो। यसपटक त्योभन्दा केही धेरै भयो। साथीभाइले पनि आवश्यक गाडी फ्रीमा दिए, अलिअलि नगद सहयोग गरे।’

चुनावी प्रतिस्पर्धामा उत्रिँदै गर्दा यादवले महत्त्वाकांक्षी विकासको वाचा गरेनन्। बरु सामान्य मतदाताका आधारभूत कुरामा जोड दिए। स्थानीय समस्या समाधानमा पनि नीतिगत पहल गर्ने वाचा गरे। ‘रास्वपाले बहुमत नपाए सरकार बनाउन नसक्ने अवस्था आयो भने काम गर्न कठिन हुन्छ। त्यसैले झुटो आश्वासन दिनु हुँदैन भन्ने लाग्यो,’ उनले भने। तर, जब बहुमत पक्का भयो उनले शिक्षा, स्वास्थ्य र पूर्वाधारमा सुधार हुने आश्वासन बाँडे। चुनावअघि दिनुपर्ने आश्वासन विजयी भएपछि दिएको उनको दाबी छ।

जनताका अन्य अपेक्षा चाहिँ कस्तो छ ? यादवले घरदैलोमा सुनेका अनुभव बताए, ‘इमानदार नेतृत्व चाहियो। सुशासन चाहियो। सरकारी कार्यालयमा घुसखोरी र बिचौलिया सकियोस्। सरकारी स्कुल र स्वास्थ्य केन्द्र सुधार होस्। युवा विदेश जान नपरोस्। जनताले खोजेका यस्तै सामान्य आधारभूत कुराहरू नै हुन्।’ यादवका लागि सबैभन्दा आदर्श नेता प्रदीप गिरि हुन्। उनी गिरिको विचारलाई सम्मान गर्छन्। ‘पार्टीभन्दा व्यक्ति र इमानदारिताले फरक पार्छ,’ उनले भने, ‘प्रदिप गिरि कांग्रेसमा हुनुहुन्थ्यो, म रास्वपामा छु। तर उहाँको वैचारिक बहस र इमानदारिताको म सधैं सम्मान गर्छु। मैले उहाँबाट सिक्नुपर्ने कुरा अथाहा छ।’ प्रदीप गिरिका विगतबाट प्रेरणा लिँदै संसद्मा अब युवा र मधेशका मुद्दा सशक्त ढंगले उठाउने यादवको भनाइ छ। साथै आफू जेनजी आन्दोलनमा सक्रिय रूपमा लागेकाले पनि ती मुद्दा ( जेनजी आन्दोलनको भावना) सधैं बोक्ने उनले बताए। ‘भ्रष्टाचार अन्त्य, सुशासन, युवा राजनीतिमा प्रवेश, यी मुद्दा सदनमा निरन्तर उठाउँछु,’ यादवले प्रतिबद्धता जनाए।

# रौतहटमा ‘स्वाइन फिभर’लागेर बङ्गुर मर्न थाले

रौतहट, २९ फाल्गुन। चन्द्रपुर नगरक्षेत्रमा स्वाइन फिभर लागेर बङ्गुर मर्न थालेका छन्। यो रोगले चन्द्रपुर नगरपालिका–५ राजपेडा गाउँका हरि गुरोका १४ वटा बङ्गुर मरेका पशु चिकित्सक डा सुलभ चौधरीले बताउनुभएको छ। एक साताको अन्तरालमा १४ वटा बङ्गुर मरेका किसान गुरोले दुखेसो गर्नुभयो । बङ्गुरको उपचारका लागि पशु चिकित्सकहरूलाई खबर गरेको र उपचार गर्दागर्दै पनि बङ्गुर मरेको उहाँले बताउनुभयो।

डा चौधरीका अनुसार चन्द्रनिगाहपुर–४ मा शान्ति मगरको एउटा बङ्गुर पनि सोही रोगले मरेको छ। रोग विशेष गरी रोगी बङ्गुर वा त्यसका पाठापाठी वा मासु वा रोगी पशुको सम्पर्कमा आएका पशुबाट फैलने उहाँले बताउनुभयो। रोग नियन्त्रणका लागी चन्द्रपुर नगरपालिकाले सबै

**–बाँकी अन्तिम पेजमा**

# अस्तव्यस्त नेपाल रेल्वेः आम्दानीभन्दा तीन गुना बढी घाटा, बस्नै मान्दैनन् हाकिम




जनकपुरधाम, २९ फाल्गुन। लामो प्रतीक्षापछि करिब ५ वर्षअघि २०७८ चैत ११ गतेदेखि सञ्चालनमा आएको नेपालको एकमात्र रेल सेवा अहिले लथालिङ्ग अवस्थामा छ। जयनगर–जनकपुर–बिजलपुरा रेल सेवा यतिबेला सरकारको बेवास्ता र कमजोर व्यवस्थापनका कारण लथालिङ्ग अवस्थामा पुगेको हो। तत्कालीन प्रबन्ध सञ्चालक निरञ्जन झाको कार्यकाल सकिएपछि करिब ७ महिनादेखि नेपाल रेलवे प्रमुख विहीन अवस्थामा छ। केही दिन प्रशासकीय अधिकृत तुलाबहादुर डाँगीलाई निमित प्रबन्ध सञ्चालकको जिम्मेवारी दिइएपनि उनले अव्यवस्थापनले गर्दा तनाव नलिने भन्दै दुई महिना नपुग्दै राजीनामा दिए। त्यसयता विभागका अधिकृतस्तरका कर्मचारी हरिकुमार पोखरेलले हेर्दै आएका छन्। तर उनी काठमाडौँमै बस्ने गरेका कारण कर्मचारीले समस्या भोग्नु परिरहेको छ। रेल्वेले कर्मचारीको तलबमा मात्रै करोडौँ खर्च गरिरहेको छ। तर, यहाँ कार्यरत अधिकांश कर्मचारी ज्यालादारीमा नियुक्त गरिएका छन्। पाँच वर्ष बित्दा पनि रेल्वेमा स्थायी कर्मचारी नियुक्त हुन सकेका छैनन्। मात्र दुईजना खरीदारस्तरका स्थायी कर्मचारी केवलबहादुर नेपाली र उत्तिमलाल पण्डितको भरमा रेलवेको व्यवस्थापन तथा सञ्चालन हुँदै आएको छ।

हुनत नेपाल रेलवेमा १४४ कर्मचारी कार्यरत छन्। तर यी दुईजना बाहेक सबै करार र ज्यालादारीका नै छन्। प्रबन्ध सञ्चालक निरञ्जन झाको कार्यकाल गएको भदौ महिना १२ गते सकिएपछि यो पद रिक्त रहेको छ। उनको कार्यकाल सकिए लगतै असोज ८ गते प्रबन्ध सञ्चालकका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले विज्ञापन खुलायो। जसमा विराटनगर महानगरपालिका–५ मोरङका परिवेश पराजुली, मागापौवा–३ दोलखाका बिन्दा खत्री, राजविराज नगरपालिका–१ सप्तरीका निरञ्जनकुमार झा र काठमाडौँ–२३ का सूर्यप्रसाद उपाध्यायसहितका ४ जना संक्षिप्त सूचीमा परे।

उनीहरूको मौखिक परीक्षा पनि सकिएको छ। तर महिनौँ बितिसक्दा पनि सरकारले नयाँ प्रबन्ध सञ्चालक नियुक्त गर्न सकेको छैन। नेपाल रेल्वे बोर्डको बैठक बस्न नसक्दा प्रबन्ध सञ्चालक नियुक्त हुन नसकेको मन्त्रालयको भनाई छ। हाल महानिर्देशक रामहरि पोखरेललाई भौतिक मन्त्रालयले अख्तियारी दिएपनि उनी काठमाडौँ बस्दै आएका कारण प्रशासनिक तथा आर्थिक निर्णयका लागि फाइल बोकेर काठमाडौँ धाउनुपर्ने अवस्था रहेको कर्मचारीहरू बताउँछन्।

नाम नबताउने शर्तमा एक करार कर्मचारीले भने 'रेल्वेको अवस्था निकै दयनीय र लथालिङ्ग छ। व्यवस्थापन त के एउटा डटपेन पनि किन्न पर्यो भने स्थायी कर्मचारी केवलबहादुर नेपाली सरलाई फाइल लिएर काठमाडौँ नै कुदनुपर्ने अवस्था छ। यसै अनुमान लगाउन सकिन्छ कि रेल्वेको अवस्था के हो।'

ती कर्मचारीले थपे, 'नेपाल रेल्वेको आफ्नो लेखापाल समेत छैन। कोष तथा लेखा नियन्त्रण कार्यालयबाट खटाइएका लेखापाल र अधिकारविहीन ज्यालादारीका लेखा सहायकबाट काम चलाइँदै आएको छ।' महिनौँको बक्यौता तलब पछिल्लो महिना भुक्तानी गरिएको छ। रेल सञ्चालनमा आएको चार वर्ष बित्न लाग्दा पनि स्थायी कर्मचारी भर्ना गर्न विज्ञापन समेत हुन नसक्नु निकै दुखदायी रहेको ती कर्मचारी बताउँछन्। 'प्रवेशका लागि पाठ्यक्रम बने पनि स्वीकृत हुन सकेको छैन। पाठ्यक्रम नै स्वीकृत नभएपछि स्थायी कर्मचारी भर्ना गर्न विज्ञापन हुन सकेको छैन,' अर्का एक कर्मचारीले भने।

नेपाल रेल्वे कम्पनी लिमिटेडको व्यावसायिक कार्ययोजना–२०८२ अनुसार आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१ सम्म १९ करोड २१ लाख रुपैयाँ आम्दानी हुँदा ६७ करोड ३७ लाख खर्च भएको छ। पाँच आर्थिक वर्षमा रेल्वेले कुल ४८ करोड १४ लाख रुपैयाँ घाटा भइसकेको छ।

पूर्वप्रमुख झाले यी घाटालाई आर्थिक श्रोतको माध्यमले न्यून गर्न कर्मचारी कटौती र कार्गो रेल सेवा सञ्चालनका लागि कार्ययोजना बनाएपनि सफल हुन सकेनन्। रेल्वेले कर्मचारीको तलबमा मात्रै मासिक सवा करोड रुपैयाँ खर्च गर्नुपरिरहेको छ। रेल सञ्चालनका लागि २३ जना भारतीय कर्मचारी पनि नियुक्त गरिएका छन्। भारतीय कर्मचारीको तलबमा मात्रै मासिक ९४ लाख र १४४ जना ज्यालादारी कर्मचारीमा ३० देखि ३२ लाख रूपैयाँ खर्च हुने गरेको रेल्वेको तथ्यांकले देखाउँछ। ज्यालादारीमा भर्ना भएका कर्मचारीहरूको आफ्नै पीडा छ। एक जना ज्यालादारी कर्मचारीले बिहान ७ बजेदेखि राति ९ बजेसम्म काममा खटाइने गरेको गुनासो गरे। ज्यालादारी कर्मचारीहरू भन्छन्, 'चालकबाहेक कहिलेकाहीँ मात्रै काममा आउने भारतीय कर्मचारीले भने महिनामा डेढ लाख रुपैयाँसम्म तलब पाउँछन्। तर १४ घण्टासम्म काम गर्ने हामी ज्यालादारी कर्मचारी ५१५ रुपैयाँदेखि ११ सय मात्र पाउँछौँ। सबभन्दा बढी ज्याला ११ सय रुपैयाँ इन्जिनियरको छ।

रेल सञ्चालनका लागि भारतको कोकन कम्पनीसँग सन् २०२६ सम्म सेवा सञ्चालन र दक्ष जनशक्ति तयार पार्ने सम्झौता अन्तर्गत भारतीय कर्मचारीहरू ल्याइएको हो। तर, स्थायी कर्मचारी नै भर्ना हुन नसक्दा दक्ष जनशक्ति उत्पादनस्वरूप दिइने प्रशिक्षण भने अगाडि बढ्न नसकेको नेपाली बताउँछन्। रेल्वेलाई फाइदामा लैजान कम्पनीले व्यावसायिक कार्ययोजना–२०८२ तयार पारेको छ। कार्ययोजना कार्यान्वयन भए पहिलो वर्षमै ३३ करोड ७२ लाख आम्दानी भई रेल्वे नाफामा जाने दाबी झाले आफू कार्यकालमा रहँदा गरेका थिए।

हाल भारतको जयनगरदेखि महोत्तरीको बिजलपुरासम्म ५२ किलोमिटर क्षेत्रमा रेल सेवा सञ्चालनमा छ। रेल्वे सेवा दैनिक तीनपटक सञ्चालन भइरहेको छ। बिजलपुरादेखि बर्दिबाससम्मको सेवा पूर्वाधार बनेपनि जग्गा मुआब्जा विवादका कारण अड्केको छ। बर्दिबास स्टेशन रहेका ठाउँको जग्गामा केही जग्गाधनीलाई मुआब्जा नदिँदा अलपत्र परेको हो। ती जग्गाधनीहरू काठमाडौँस्थित कम्पनीमा धाएपनि कुनै चासो दिइएको छैन। लामो सयमदेखि बन्द रहेको रेलसेवा नयाँ पूर्वाधार निर्माणपछि तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले १९ चैत २०७८ मा भारतको दिल्लीबाट संयुक्त रूपमा उद्घाटनपछि सञ्चालन हुँदै आएको छ।

हाल ३८ किलोमिटर जयनगर–जनकपुर–कुर्था–बिजलपुरासम्म सञ्चालन हुँदै आएको छ। बर्दिबाससम्म सञ्चालनका लागि पूर्वाधार तयार भएपनि स्टेसन निर्माणमा जग्गा मुआब्जा विवादले अलपत्र परेको हो।

# धनुषामा एक महिनाअघि हत्या गरिएकी युवतीको अझै पहिचान खुलेन

**शैलेन्द्र महतो**

जनकपुर, २९ फाल्गुन। २३ माघको बिहान। धनुषाको औरही गाउँपालिका–१ पौडेसरस्थित सडकछेउ अन्दाजी २५ वर्षीया युवतीको शव फेला पर्‍यो। युवतीको बायाँ कञ्चटमाथि गोली लागेको निशान थियो। बायाँबाट छेडेर गोली दायाँभाग हुँदै निस्किएको थियो। ती युवती को थिइन् ? कसले उनको हत्या गरेको थियो ? अहिलेसम्म केही पत्तो लागेको छैन। प्रहरीले अनुसन्धान चलिरहेको बताउँछन्। तर, युवतीको पहिचानसम्म खुल्न सकेको छैन।

धनुषाका प्रहरी प्रवक्ता डीएसपी गणेश बमका अनुसार कालो वर्णकी, करिब ५ फिट ४ इन्च उचाइ भएकी ती युवतीले निलो सुरुवाल, सेतो स्वेटर र खुट्टामा चप्पल लगाएकी थिइन्। स्वेटरको एउटा खल्तीमा बच्चाले खेल्ने सानो खेलौना र अर्को खल्तीमा नेपाली दैनिक पत्रिकाको कागजमा बेरिएको सिन्दूर भेटिएको थियो। खल्तीमा पाँच सयभन्दा केही बढी भारतीय रुपैयाँ पनि थियो। घटनास्थलबाट करिब २० मिटर पर तीन मुठा रायोको साग फेला परेको अनुसन्धानका सक्रिय प्रहरी अधिकृतहरू बताउँछन्।

धनुषाका प्रहरी प्रमुख प्रहरी उपरीक्षक रुगमबहादुर कुँवरका अनुसार युवतीको बायाँ कनपट्टीमाथि गोली प्रहार गरी हत्या भएको पुष्टि भएको छ। 'बायाँ कानको माथि टाउकोमा प्रहार भएको गोली दायाँबाट निस्केको छ,' एसपी कुवरले अनलाइनखबरसँग भने, 'अनुसन्धान चलिरहेको छ। अहिलेसम्म युवतीको पहिचान खुल्न सकेको छैन।' घटनाको केही दिनपछि धनुषा प्रहरीले पहिचान पत्ता लगाउन मृतकको तस्वीर र हुलियासहितको विवरण सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेको थियो। घटनाबारे प्रहरीले ७७ वटै जिल्लामा परिपत्र गरेको छ। भारतीय हुन सक्ने आशंका रहेकाले भारतीय प्रहरीसँग पनि समन्वय गरिएको छ। तर, परिवारजन सम्पर्कमा आएका छैनन्।

'मृतकको पहिचानको लागि हामीले धेरै प्रयास गरेका छौं। मृतकको तस्वीर र हुलियासहितको विवरण ७७ वटै जिल्लामा पठाइएको छ। भारततिरको हुन सक्ने आशंकामा पहिचानका लागि भारतीय प्रहरीसँग समन्वय गरेका छौं,' एसपी कुवरले भने 'सामाजिक सञ्जालमा सार्वजनिक गरेका छौं। तर अझैसम्म पहिचान खुल्न सकेको छैन।' अनुसन्धानमा संलग्न प्रहरी अधिकारीका अनुसार युवती मृत भेटिएको घटनास्थलको प्रकृति हेर्दा बायाँतर्फ कोही व्यक्ति बसेको जस्तो चिह्न देखिन्छ। कुराकानीकै क्रममा कञ्चटमा गोली प्रहार गरिएको हुन सक्ने प्रारम्भिक अनुमान छ। गोली लागेपछि युवती धेरै छटपटाउन नसकेर सडकबाट तलतिर लडेर घटानास्थलमै मृत्यु भएको देखिएको प्रहरीको अनुसन्धान छ।

'पहिला बायाँ छेउमा मानिस बसेर कुराकानी गरेको र त्यसपछि कानमाथि गोली प्रहार गर्दा धेरै संघर्षसमेत गर्न नपाएर घटनास्थलमै मृत्यु भएको प्रारम्भिक अनुसन्धानमा देखिन्छ,' अनुसन्धान अधिकारीले भने। भारतबाट कसैले फकाएर ल्याई यहाँ हत्या गरेको हुन सक्ने आशंका पनि प्रहरीले गरेको छ। गम्भीर प्रकृतिको र विभत्स हत्या भएकाले हालसम्म शव व्यवस्थापन गरिएको छैन। शव प्रादेशिक अस्पतालको शवगृहमा राखिएको छ।

### *रौतहटमा 'स्वाइन...*

वडामा खोप लगाउने घोषणा गरेता पनि हाल खोप अभाव भएकाले केही समय लाग्ने चिकित्सक चौधरीले बताउनुभयो। चन्द्रपुरका किसानले छ हजारको हाराहारीमा बङ्गुर पालेका छन्।

# ग्यासलगायत पेट्रोलियम पदार्थको आपूर्ति सुनिश्चित गर्न सरकारलाई निर्देशन

काठमाडौँ, २९ फाल्गुन। राष्ट्रिय मानव अधिकार आयोगले पेट्रोलियम पदार्थको वितरण सहज बनाउन सबै उपाय अवलम्बन गर्न सरकारलाई निर्देशन दिएको छ। आयोगका उपसचिव श्यामबाबु काफ्लेले जारी गरेको प्रेस विज्ञप्तिमा कृत्रिम अभाव पैदा गरेको पाइएमा कानुनी दायरामा ल्याउन, अनावश्यक भण्डारण गर्ने प्रवृत्तिलाई नियमन गर्नेतर्फ आवश्यक पहल गर्न र अत्यावश्यकीय वस्तुहरूको आपूर्तिको व्यवस्था अविलम्ब मिलाइ उपभोक्ताको अधिकार संरक्षण गर्न आयोग नेपाल सरकारलाई निर्देशन गरिएको छ।

आयोगले नेपाल आयल निगम, वाणिज्य विभाग, नेपाल खाद्य व्यवस्था कम्पनी लिमिटेडलगायत ग्यास बिक्री वितरण गर्ने डिपोहरू समेतको अनुगमन तथा अवलोकन गरेको छ।"अनुगमन तथा अवलोकनबाट नेपाल पेट्रोलियम पदार्थको आपूर्तिका लागि मुख्यतः आयातमा निर्भर रहेको छ, यसका लागि आयात हुनुपर्ने कच्चापदार्थ साविकबमोजिम नियमित रूपमा नै आपूर्ति भइरहेको छ", विज्ञप्तिमा भनिएको छ, "केही ग्यास कम्पनीहरूको ढुवानी व्यवस्थापनका कारण आपूर्तिमा केही कमी भए पनि विभिन्न सञ्चारमाध्यममा ग्यासको समग्र आपूर्ति व्यवस्थापनमा नै समस्या भएको भन्ने सन्देश प्रवाह हुँदा उपभोक्ताले आवश्यकताभन्दा बढी भण्डारण गर्ने प्रवृत्ति बढेको र कतिपय व्यावसायीबाट कृत्रिम अभाव सिर्जना गर्ने गरेको लगायतक तथ्य प्राप्त भएको छ।"

आयोगले मध्यपूर्वमा उत्पन्न परिस्थिति र त्यसपछि देखिएको तनावका कारण विगत केही समयदेखि काठमाडौँ उपत्यकामा एलपिजी ग्यासको अभाव भई उपभोक्तामा चिन्ता र त्रास सिर्जना भएको भनी प्रकाशित एवं प्रसारित विभिन्न समाचारप्रति यस आयोगको ध्यानाकर्षण भएको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)